अन्तिम लेखापरीक्षण प्रतिवेदन

विहादी गाउँपालिका, पर्वत

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

महालेखापरीक्षकको कार्यालय नेपाल २०१६

पत्र संख्या: २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
विहादी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पर्वत ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १३५

मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
विहादी गाउँपालिका,
पर्वत ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले विहादी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु.१ करोड १७ लाख ९६ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८३ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.२३ लाख २३ हजार र पेस्की बाँकी रु.२ लाख ७० हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यो विहादी गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य ४४.८ वर्ग कि.मि.क्षेत्रफल, १३४०३ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

	आय तर्फ			व्यय तर्फ	
सि.नं.	विवरण	रकम	सि.नं.	विवरण	रकम
१	**गत बर्षको जिम्मेवारी**		१	**चालु खर्च**	**१८५५७१५०२.५**
	क) नगद		२	**पुँजीगत खर्च**	**५०६१८१०१.०९**
	ख) बैंक	१८७५०८३८.६	३	**वित्तीय व्यवस्था भुक्तानी**	०
२	**राजश्व आन्तरिक आय**			क) ऋण भुक्तानी	०
	क) आन्तरिक राजश्व	५२१९५०९.१५	४	**लगानी**	०
	ख) राजश्व बाँडफाँड	३२९०९४७३.३६	५	**धरौटी फिर्ता**	**१७१६०००**
	ग) अन्य आय		६	**कोष खर्च**	
३	**वित्तीय हस्तान्त्रण**		७	**बेरुजू दाखिला**	०
	क) वित्तीय समानीकरण अनुदान	७१८०००००	८	**मौज्दात**	
	ख) शशर्त अनुदान	१४०९७२२५०.८८		क) नगद मौज्दात	०
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			ख) बैंक मौज्दात	०
	क) वित्तीय समानीकरण अनुदान	१२१११०००		धरौटी मौज्दात बाँकी	१२८२२८७.६७
	ख) शशर्त अनुदान	०		संचित कोष बाँकी	५९७७३४६८.३९
५	**विषयगत निकायबाट प्राप्त अनुदान**	१४२०००००			
६	**धरौटी आय**	**२९९८२८७.६७**			
७	**लगानीको साँवा फिर्ता**	०			
८	**अन्य विविध आय**	०			
	जम्मा	**२९८९६१३५९.७**			**२९८९६१३५९.७**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	असुलीः लेखापरीक्षणको क्रममा रु.४९३७१.०७ र प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रतिक्रियाबाट रु.४३६९६ असुल भई सम्वन्धित राजस्व खातामा दाखिला भएको छ ।	
१.	**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्। • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन । • स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुँजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शिर्षक र पुँजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एक रुपता र शुद्धता कायम गर्न महालेखानियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यसवाट प्राप्त वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) मा वैंक मौज्दात रु.६३०७५२७४.७३ देखिएको तर वास्तविक वैंक मौज्दात रु.६१०५५७५६.०६ भएको भनि प्रमाणित विवरण पेश भएकोले यसवाट प्राप्त विवरणले यथार्थ वित्तिय प्रतिवेदन दिने अवस्था छैन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**बैक हिसाब मिलान नगरेको**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पर्न गएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि रु.५५ हजार चेक रकम साटिएको कारण असार महिनाको वैंक मौज्दातसँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।	

खाताको नाम		चालु खर्च खाता	पुँजीगत खर्च खाता	जम्मा
२०७७ असार मसान्त सम्मको बाँकी रकम		१८५५७१५०२.५१	५०६१८१०१.०९	२३६१८९६०३.६
२०७७ असार मसान्त पछि थप भएको रकम		०		०.
२०७७ असार पछि साटिएका चेकको कुल रकम		५५२४५.०	०	५५२४५.०
फिर्ता रकम	संघीय संचित कोषमा	३९८२७२३.६२	५४४९५८३.५८	९४३२३०७.२
	स्थानीय संचित कोषमा	४४७५८३२.३३	१५२१४४६५.१५	१९६९०२९७.४८
वास्तविक मौज्दात		०.	०.	०.

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्ण रुपमा कार्यान्वयनमा आउन सकेको छैन ।
- गाउँपालिकाले यस वर्ष रु.३७४००००.० राजश्व अनुमान गरेकोमा रु.५२१९५०९.१५ प्राप्त गरेको छ । राजश्व अनुमान गर्दा प्रभावकारी तरिकाले विवरणमा अधारित भई अनुमान गरी सोही अनुसार राजश्व उठाउन पालिकाले पहल गर्नु पर्ने देखिन्छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाईहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धीमा मापदण्ड तोक्नु पर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीयतहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली,२०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट रु.१६२५४५५.४५ खर्च गरेकोमा योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन । • निजामती सेवा ऐन, २०४९दफा ५(क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २६ र प्रशासनिकतर्फ १६ समेत ४२ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १२ र ११ समेत २३ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, १० नियमावली, १८ कार्यविधि र ४ निर्देशिका ४ नर्म्स निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रकमान्तर गर्ने अधिकार कार्यपालिकालाई भएकोमा वडाले आफ्नो वजेट भित्रको कार्यक्रमको रकमान्तर गरी आफै खर्च गरी एकमुष्ट रुपमा कार्यपालिकावाट अनुमोदन भएको छ । वडावाट हुने रकमान्तर तथा कार्यक्रम संसोधनलाई नियन्त्रण गर्नुपर्दछ । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माणकार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, • सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रवाहको अभिलेख व्यबस्थापन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधि भित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंकबाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, • आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको, • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, • वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि. सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रहि नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ५ ऐन, ४ नियमावली, १० कार्यविधि र ३ नर्म्स समेत २२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४.	**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नु पर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी स-साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष उपभोक्ता समिति मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:	

क.सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	३२	८२५९७३.०
२	रु.१ लाख एक देखि पाँच लाख सम्मका योजना	१२२	१५३३६९८६.०
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	१२	६६९१३५८.८९
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	४	२६५७४१३.०१
५	५० लाख भन्दा माथिका योजनाहरु	२	०
	जम्मा	१६८	२५५११७३०.९

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री डम्मर कुमारी गुरुङले २०७६।३।१० गते रु.३४ करोड ३३ लाख ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६.	**सेवाप्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता ५४९ वटा, नाता प्रमाणित २६८ वटा, घर वाटो सिफारिस ११५ वटा, नागरिकता सिफारिस ३४२ वटा र अन्य ७४५ वटा दर्ता तथा सिफारिस गरी सेवाप्रवाह गरेको देखियो। पालिकाले सम्बन्ध विच्छेद, बसाईसराइँ, पञ्जीकरण दर्ता तथा सिफारिश, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्बन्धि नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सो को अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
७.	**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकाले हाल सम्म पालिकाले आफ्नो क्षेत्रिभत्रको घरहरुको घर नक्सालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पहल समेत गरेको पाइएन साथै सुरु समेत गरेको पाइएन । अतः ऐनको पालना तर्फ पालिकाको ध्यान जानु	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पर्ने देखिन्छ ।	
८.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो बर्ष थप भएको ५ गरी कुल ८ विवाद दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
९.	**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरे पछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ। नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षक वाट रु.१७ लाख ६२ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।	
१०.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
१	वि.स पुँजिगत	४६५२३६२०.९६	२३४४३६२	११८०९०७७.५	३२३७०१८१.४६	१९९७८७९९.४९
२	ससर्त पुँजिगत	४०९४४८०.१३	२४३७९६	७१३२९५.१०	३१३७३८९.०३	२७०४५८६.८४
	कूल खर्चः	५०६१८१०१.०९	२५८८१५८	१२५२२३७२.६	३५५०७५७०.४९	२२६८३३८६.३३
	खर्च प्रतिशत		५.१३	२४.७३	७०.१४	४४.८१

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
११.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३५३५५०००	१६६२४०७५.११	६.९८
सामाजिक क्षेत्र	१७७६७६०००	१४८०३०६३७.५४	६२.२०
पूर्वाधार विकास क्षेत्र	६५९७३०००	३६०७८९७१.२७	१५.१६
वातावरण तथा विपद् व्यवस्थापन	२३५००००	१८०००००	०.७५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

संस्थागत विकास र सेवा प्रवाह	१२८८५०००	०	०
वित्तीय व्यवस्थापन र सुशासन	१५२३५०००	८७४६२१९.०९	३.६७
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	४०००००००	२६७०९७००.६०	११.२४
जम्मा	**३४९४७४०००**	**२३७९८९६०३.६१**	**१००**

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा रु.६ करोड ५९ लाख वजेट विनियोजन भएकोमा वजेटको तुलनामा ५४.६८ प्रतिशत मात्र खर्च भएको छ समग्र खर्चको तुलनामा १५.१६ प्रतितशत खर्च भएको छ। पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

१२. **कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत-प्रतिशत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ ।पुर्व तयारी वेगर बजेट मात्र विनियोजन गरेको कारण यस्तो भएको देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा कम प्रगति हुनुमा कोरोना महामारी लगायतको कारण उल्लेख गरेको छ । कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च	खर्च (%)
निशर्त वि.स. अनुदान	७१८०००००	४०७३८७९४.१६	५६.७४
आन्तरिक स्रोत	१९१४००००	११८६९५५७.१७	६२.०१

१३. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.५२१९५०९.१५ राजस्व बाँडफाँड र अनुदानबाट रु.२७१०४५०४९.१९ समेत रु.२७६२६४५५८.३४ आम्दानी भएकोमा चालु तर्फ रु.१८५५७१५०२.५१ र पूँजिगत तर्फ रु.५०६१८१०१.०९ र बित्तिय ब्यबस्था तर्फ रु.० समेत रु.२३६१८९६०३.६० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१७५०८००.० खर्च भएको छ जुन आन्तरिक आयको ३३.५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.८७ प्रतिशत चालु र ४८.३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन

१४. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ७ पदमा ३८ जना कर्मचारीहरु करारमा राखी रु.२११५०००.० खर्च लेखेको छ ।

१५. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.२१४०२३०.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१६.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले पहिरो, आगलागी, स्वास्थ्य उपचार आदि प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.४४५२५०.० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१७.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नको लागी आ.ले.प सहायक पाँचौको व्यवस्था नियुक्त भएता पनि निजबाट आन्तरीक लेखापरीक्षण नभई कोष तथा लेखानियन्त्रक कार्यालयबाट सम्पुर्ण स्रेस्ताको लेखापरीक्षण भएको पाइयो । गाउँपालिकामा कर्मचारी पदपुर्ती भएको अवस्थामा गाउँपालिकाको बजेटको पालिकाको आ.ले.प को कर्मचारीबाट चौमासीक रुपमा अन्तरिक लेखापरीक्षण गरी आर्थिक कारोबार र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
१८.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.४८२४५०४.० तथा विभिन्न सहकारी संस्था तथा कृषकलाई बाख्रा पालन, कुखुरा पालन, भकारो सुधार तथा माटो परीक्षण शिविर संचालन तथा अनुदानमा रु.१४६०८१५.६२ गरी रु.३३६३६८८.३८ खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१९.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र	१४०००००	४००९९१.६	२८.६४
घरजग्गा वहाल कर	१०००००	६२२६०	६२.२६
अन्य प्रशासनिक सेवा शुल्क	७५००००	४७०२१२	६२.६९
वहाल विरौटी शुल्क	५००००	०	०
व्यवसाय कर	५०००००	३९८८०	७.९

२०.	**तलवी प्रतिवेदनः** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) सम्वन्धित कार्यालयले सम्वन्धित कार्यालयले को.ले.नि.का.बाट तलबी प्रतिवेदनपास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ। गाउँपालिकाले आ.व. २०७६/०७ को तलवी प्रतिवेदन पास नगरी पालिका, स्वास्थ्य, कृषि, भेटेनरीको रु.१२१०६८७४३.०३ बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२१.</td><td>कार्यविधि भन्दा बढी आर्थीक सहायताः गाउँपालिकाले बनाएको विपद राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि २०७५ मा माउँ भैसी मरेमा रु.३०००, गाई गोरु मरेमा रु.२०००, बाख्रा मोरेमा रु.१००० का दरले आर्थीक सहायता दिने व्यवस्था छ । भौ.३५-०७७/३/२१ बाट भागीरठी काफ्लेलाई भैसी १, गोरु १, बाख्रा २ पहिरोमा परी भरेको भनी मुचुल्का पेश भएकोमा रु.६००००। आर्थिक सहायता दिएको पाइयो । कार्यविधि अनुसार रु.७०००.० मात्र भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी ५३०००.० भुक्तानी दएको नियमसम्वत् नदेखिएको रु.</td><td>५३०००</td></tr>
<tr><td></td><td>शशर्त चालुः</td><td></td></tr>
<tr><td>२२.</td><td>शशर्तको कार्यक्रम कार्यपालिकाको निर्णयले खर्चः गाउँपालिकामा रहेका उन्नत गाईलाई कृत्रिम गर्भाधान ए.आई गराएको १ पटको रु.१०००.० का दरले खर्च लेखी ८ जना कृषकलाई रु.३१०००.० खर्च लेखेको नियम विपरीत भएकाले गाउँपालिका चालु खाताबाट बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.</td><td>३१०००</td></tr>
<tr><td>२३.</td><td>बिजुलीः भौ.५०५-०७७/३/२७ बाट गाउँपालिकाले घर भाडामा लिएको भनी मिति २०७६/४/१-०७७/३/३१ सम्म रु.४९१४। साथै २०७४/४/५-०७६/३/३१ सम्मको रु.५६४२.० गरी जम्मा रु.१०५५६.० खर्च लेखेको पाइयो । चालु आ.ब भन्दा २ वर्ष अगाडीको समेत भुक्तानी दिन बाँकीको विवरण वेगर विजुलीको बिल रु.५६४२.० भुक्तानी दिन बाँकीको प्रमाण वेगर खर्च लेखेको नियम सम्वत नदेखिएको रु.</td><td>५६४२</td></tr>
<tr><td></td><td>पुँजीगत तर्फ</td><td></td></tr>
<tr><td>२४.</td><td>हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>८४-०७६/१२/५</td><td>सालघारी पेदी सडक निर्माण उ.स. वडा नं. ५</td><td>मोटरबाटो निर्माण</td><td>स्काभेटर व्याकुलोडर</td><td>२८८०००</td></tr>
<tr><td>८६-०७६/१२/५</td><td>स्वामीरुख साठीमुरे झवरिखोला व्यासिर</td><td>मोटरबाटो निर्माण</td><td>स्काभेटर</td><td>१७७६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४६५६००.०</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२२२-०७७/३/१७	वडा कार्यालय भवन निर्माण उ.स.	वडा नं. ३ वडा कार्यालय निर्माण	७२९६००
	जम्मा		७२९६००

२६. **मूल्य अभिवृद्धि कर**- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ। भौ. नं. १५४-०७७/२/३२ बाट दुर्गा भुर्तेललाई सभाहल निर्माणको लागि आवश्यक परेको च्यानल गेट र ट्वाइलेट ढोका बनाउने काममा रु.५६५७१.५७ को लागत अनुमान र कार्यसम्पन्न गरी भुक्तानी दिएको रकममा रु ६२५२.५२ भ्याट उल्लेख भएको देखिन्छ । तर भुक्तानी लाने पक्षले प्यान विल पेश गरेको हुँदा कार्यालयले भुक्तानी गरेको भ्याट रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु. ६२५२.५२

२७. **अनुत्पादक तथा वितरणमुखी खर्च**- सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको उदाहरण निम्नानुसार छन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सि.नं.	भुक्तानी पाउने संस्था तथा व्यक्तीको नाम	प्रयोजन	रकम
१	धौलागिरी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था	धौलागिरी महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको भवन निर्माण	४५०१२०
२	**विभिन्न**	योजना तर्जुमा का लागि काठमाडौ जाँदाको खर्च	१५०८४१

२८. **कार्यविधि विपरीतको खर्चः** गाउँपालिकाले स-साना योजना मर्मत तथा कार्यक्रम सञ्चालन शिर्षकको रकम खर्च सम्बन्धमा कार्यविधि बनाएको छ । कार्यविधि अनुसार उक्त शिर्षकको रकम स-साना मर्मतका योजना तथा कार्यक्रम संचालन गर्न प्रदान गरिने तर उक्त शिर्षकबाट आर्थिक सहायता र अनुदान प्रदान गर्न नसकिने व्यवस्था गरेको छ। तर पालिकाले कार्यविधि विपरित निम्न प्रकृतिका कार्यमा खर्च गरेको देखिन्छः

क्र.सं	भुक्तानी पाउने संस्था	प्रयोजन	रकम
१	युवराज भुसाल	पर्वत कलाकार समाज नेपालको अक्षयकोष स्थापना	१००००
२	बालज्योति प्रा.वि	दिवा खाजा कार्यक्रम	२००००
३	शितल चौतारी युवा	सास्कृतिक तथा खेलकुद कार्यक्रम	३००००
४	महिला संजाल विहादी	तिज गीत प्रतियोगिता	३९८००
५	विभिन्न	लोर्के तमु ल्होसार, सगरमाथा मा.वि को खाजा खर्च, शिव	१३०००००

२९. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.२३००००.० अनुदान उपलब्ध गराएका छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	

क.सं	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
१	प्रगति बहुउद्देश्यीय सहारी संस्था लि.	माछापालन योजनामा अनुदान	२३००००
	जम्मा		२३००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३०.	**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.११३००००.० भुक्तानी दिएको पाईयो ।	

सि.नं.	भुक्तानी पाउने व्यक्ती तथा संस्थाको नाम	प्रयोजन	रकम
१	खुमकान्त भुसाल	सिलाई कटाई मेसिन खरिद गर्न	३००००
२	वाच्छा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड	उन्नत पशुपालन अनुदान रकम	५०००००
३	विभिन्न	उन्नत गाई भैसी खरिद गरि दुध उत्पादन गर्न चाहाने कृषकलाई अनुदान	६०००००
	जम्मा		११३००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३१.	**व्याक्तिगत म्युजिक भिडियो निर्माणमा खर्चः** नेपाल सरकार समानिकरण अनुदानबाट मौलिक लोक संस्कृति संरक्षण सम्वर्द्धन गर्नका लागि पालिकाले रु.२९०००० बजेट विनियोजन गरेको पाइन्छ ।यसरी विनियोजन गरेको बजेट रकम समग्र गाउँपालिकाको मौलिक लोक संस्कृति संरक्षण र संवर्द्धन व्यवस्थापनमा सहयोग पुग्नेगरी दीर्घकालिन लाभ हासिल हुन सक्ने क्षेत्र पहिचान गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाले भौ नं ४३-०७६/१०/२६ बाट वडा नं ४ को बैठकको निर्णय गरी मौलिक लोक संस्कृति संरक्षण र संवर्द्धन गर्न भनि गायक युवराज भुसाललाई रु.२९०००० भुक्तानी दिएको पाईन्छ । उक्त रकमबाट निज व्यक्तिले आफ्नो रोइला गित " हासम बोलम " रेकर्ड र भिडियो निर्माण गरेको पाइन्छ । निज गायकलाई बोलाई सोधपुछ गर्दा पनि गाउँमा भिडियो निर्माण गरेको भनाई रहेको छ । उक्त भिडियो हेर्दा गाउँपालिकाको संस्कृतिमा दीर्घकालिन फाईदा पुग्ने तथा पालिकाको समग्र वृत्तचित्र सहितको भिडियो भएको गित पाईदैन। यसरी गाउँपालिकाको दीर्घकालिन र बहुउपयोगि क्षेत्रमा खर्च गर्नुपर्नेमा व्यक्तीलाई म्युजिक भिडियोमा खर्च गरेकोले अनियमित देखिएको रु.	२९००००
३२.	**खर्चको प्रमाण नभएकोः**आर्थिक कार्यविधि नियमावली २०६४ नियम ३६को विलभपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । भौ.नं. ८०-०७६/१२/२८ बाट शिला आधारभुत विद्यालयलाई दिवा खाजा वापत भनी पुंजीगतबाट रु.२००००० भुक्तानी दिइएकोमा डोर हाजिरी र विल रकमबाट रु.१८३९३५ को मात्र विल भरपाई पेश भएकाले विल भरपाई भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१६०६५
३३.	**पूँजीगत निर्माणको बजेट चालु प्रकृतिको काममा रकमान्तर गरी खर्चः** पुँजिगत प्रकृतिको काममा विनियोजन गरिएको रकम निर्माण तथा रोजगारी सिर्जना हुने पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्दछ । भौ नं ६२-०७६/११/१४ बाट वडा स्तरिय सभाहल निर्माणको लागि विनियोजन गरिएको बजेटबाट चालु प्रकृतिको वडा स्तरिय खेलकुद व्यवस्थापनमा रु.३०००० रकमान्तर गरी खेलकुद पोशाक खरिदका लागि खर्च गरिएकाले नियमसम्मत नदेखिएको रु.	३००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३४.	**मुल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु.२० हजार भन्दा वढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएकासँग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालय तथा उपभोक्ता समितिले सिमेन्ट तथा रड खरिद वापत रकम भुक्तानी भनि पटक पटकको मितिमा विभिन्न भौ. नं. बाट प्यान विलका आधारमा न्यौपाने ब्रदर्श सप्लायर्स प्यान नं. ६०८८२२३२३ लाई पटक पटक सीमा भन्दा वढीको भुक्तानी भएको छ। नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
३५.	**स्वीकृत कार्यक्रम भन्दा बढी खर्च देखाई भुक्तानीः** लौके बाटोसफाई निर्माण उपभोक्ता समिति वडा नं. ४ को सम्झौता र लागत अनुमान रु.३०१३३.८० मा बजेट रकम रु.३०००० भुक्तानी दिने गरी गरेको देखिन्छ । उक्त काममा कार्यसम्पन्न रकम पनि रु.३०१३३.८० कै भएको देखिन्छ । तर वडाले निर्णय गरी खेलकुद सामाग्री खरिद रु.६६३० र कृषि कार्यक्रममा विरुवा वितरण भनी रु.३३७० थप भुक्तानी लगेको देखिन्छ । जसमा विरुवा वितरणको भरपाई समेत राखेको पाईएन । भने गाउँपालिकाबाट कार्यक्रम जाँचपास पनि रु.३०००० को मात्र गरेको देखिन्छ । यसरी स्वीकृत पुँजीगत कार्यक्रममा चालु प्रकृतिको विभिन्न शिर्षक थप गरी रु.४०००० भुक्तानी लगेको र खर्चको प्रमाण पनि नरहेकाले गाउँ कार्यपालिकाबाट स्वीकृत भन्दा बढी भुक्तानी दिएको रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	१००००
३६.	**प्लाष्टिक टनेल र पोखरी वितरण प्रमाण पेश नभएकोः** खरिद गरिएका सामाग्री जुन कामका लागि खरिद गरिएको हो सोही कामका लागि प्रयोग हुनुपर्दछ । भौ.नं. १३६-०७७/२/२० बाट पंगाली मेशिनरी एण्ड टुल्स सेन्टरबाट गाउँपालिकाले प्लाष्टिक टनेल १५५ पिस खरिद गरी रु.४९९८७५ मा र भौ.नं.१९१-०७७/३/७ बाट पंगाली मेशिनरी एण्ड टुल्स सेन्टरबाट ७० वटा प्लाष्टिक पोखरी रु.३२०००० मा खरदि गरी भुक्तानी दिएको देखिन्छ तर उक्त प्लाष्टिक टनेल र प्लाष्टिक पोखरी कुन कामका लागि कुन कुन वडामा कस कसलाई वितरण गरियो भन्ने वितरण भरपाई पेश नभएकाले वितरण भरपाई पेश गर्नुपर्ने रु.	८१९८७५
३७.	**जिन्सी दाखिला प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरीद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन अएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएता पनि पालिकामा खरिद भएका निम्नानुसारका सामानहरुको मालसमान खरिद गरिसकेपछि खर्च भएर जाने र खर्च भएर नजाने मालसमान छुट्याई जिन्सी खातामा दाखिला गर्नुपर्छ । १. भौ. नं. २३९-०७७/३/२३ बाट राजेन्द्र पौडेल मार्फत विहादी गाउँपालिका वडा नं. ३ रानीपानी, वडा नं. ४ वहाकी ठाटी र वडा नं. ६ शालिग्रामा लागि खरिद गरेको १७ वटा बाँदर धपाउने यन्त्रको रु ५१००० भुक्तानी गरेकोमा माग फारम र जिन्सी दाखिला फारम प्राप्त नभएकाले जिन्सी दाखिला फारम र माग फारमको प्रमाण पेश गर्नुपर्ने रु.	५१०००
३८.	**विद्यालयलाई बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ख मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेखीत भएको बास्तविक कार्यसम्पादनको अधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । जनकल्याण प्रा.वि रु.४३४६२९.४३ लागत अनुमानमा उपभोक्ता समितिको ११.४७% श्रमदान हुने र गाउँपालिकाले रु.३८४७७७.४३ भुक्तानी दिने गरी शौचालय निर्माण कार्यको सम्झौता भएकोमा भौ. १५ र ४५८-०७७/३/२३ बाट गरी रु.३९६०००.० विद्यालयलाई भुक्तानी भएकाले बढी भुक्तानी हुन गएको रु.११२२२.५६ बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.	११२२२.५६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.	**विमा रकम बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(घ) मा १० लाख रुपैयाँ भन्दा बढी मूल्य निर्माण कार्य गर्ने निर्माण व्यवसायीले व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखी हस्तान्तरण प्रमाण पत्र जारी गरिने मितिसम्म (डि.एल.पी पिरेड सम्म) को विमा अवधी सम्मको विमा गराई सोही अनुसारकको विमाको रकम तिर्नुपर्ने व्यवस्था छ । रु.९६५७४९३.४० कबोल अङ्क मिति २०७७/३/११ सम्म सम्पन्न गर्ने मिति २०७६/१/३१ मा A & A Builders Pvt.Ltd. सँग सम्झौता भई भौ २-०७६/६/१३ बाटा रु.२८४४२५०.७२ प्रथम रनिङ विल भुक्तानी हुँदा विमाको विल रु.३८२५६.१४ समावेश भएकोमा रु.१३८५२९.४२ भुक्तानी भएकोले बढी भुक्तानी रु.१००२७३.२८ सम्वन्धित निर्माण व्यवसायीसँग असुल गरी बेरुजु दाखिला गर्नु पर्ने रु. भौ.१३-०७७/३/१६ बाट अन्तिम विलको भुक्तानी रु.३७२८६६५.३६ भुक्तानी दिदा ल्याव टेष्ट मु.अ.कर समेत रु.५१९५०.० को विल पेश भएकोमा रनिङ विलबाट मु.अ.कर समेत रु.५८७५७.७४ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.६८०७.७४ बेरुजु दाखिला गर्नु पर्ने रु.	१००२७३ ६८०८
४०.	**३ प्रतिशत टुल्स एण्ड प्लान्टः** नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि.सं. २०७३ मा जारी भएको नर्म्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा टुल्स एण्ड प्लान्टको दर ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले ठेक्काबाट तथा उपभोक्ता समितिबाट हुने निर्माण कार्यको दर विश्लेषणमा कामदारको ज्यालाको मात्र नभई निर्माण सामाग्रीको मूल्यको समेत ३ प्रतिशत रकम समावेश गरी लागत अनुमान तयार गरेको पाइयो। यसरी बढी दर राखी लागत अनुमान तयार गर्दा आयोजनाको वास्तविक लागत भन्दा बढी लागत पर्ने देखिन्छ । यसरी नर्म्सभन्दा बाहिर गई लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईनु पर्दछ। यस सम्वन्धमा उपभोक्ता समितिबाट भएका कार्यको नमुना छनौटको आधारमा भौचर परीक्षण गर्दा उपभोक्ता समितीहरुलाई भएको बढी भुक्तानी सम्वन्धित उपभोक्ता समिति सँग असुल गरी सम्वन्धीत शिर्षकमा दाखिला गर्नु पर्ने रु.	१७७५७१.६३

क्र सं	भौ.मिति	कार्यक्रम/ उ.स	कामको विवरण	बढी भुक्तानी
1.	२१७-०७७/३/६	जनसेवा विद्यालय र वडा कार्यालय घेराबारा	**Brick Masonary, Pcc 1:1.5:3, Forma work, Tor steel bars, Distemper painting work**	८९०५.०
2.	२१-०७७/३/२८	शौचालय निर्माण	**Brick Masonary, Pcc 1:1.5:3, Forma work, Tor steel bars,**	४४४५.०
3.	१५-०७७/३/२३	जनकल्याण मा.वि शौचालय निर्माण	**Brick Masonary, Pcc 1:2:4, Stone Masonary, Plaster 1:4**	४२९४.०
4.	२२९-०७७/३/१८	बर्रा चौर गोरेटो बाटो निर्माण	**Pcc 1:2:4, Stone Masonary, Plaster 1:4**	१९३५६.०
5.	१-०७७/३/२५	इमिचौर खेलकुद मैदान निर्माण	**Pcc 1:3:6, Stone Masonary, Plaster 1:6, Reinforcement**	४७६८.०
6.	२-०७/३/२५	बर्रा चौर पातल बहुउद्देश्यीय पिस पार्क निर्माण	**Pcc 1:3:6, Stone Masonary, Plaster 1:6, Reinforcement**	३०००७.०
7.		उराम गोसाङ खाल्टा शिवपुरी सडक स्तरउन्नती	**Pcc 1:3:6, Stone Masonary, Plaster 1:6, Reinforcement**	३४२२.०
8.	५-०७६/६/१३	लक्ष्मी भवन माध्यामिक विद्यालय वडा नं ४	**Pcc 1:2:4, Reinforcement bar**	८६४९.१८
9.	९७-०७६/१२/६	खहरेखोला प्रगतिशिल आमा समूहको भवन निर्माण	**Pccwork 1:3:6 , Steel bars**	४८१८.०२
10.	११८-०७७/२/५	टारी आम्बोट कुलो मर्मत योजना उ.स. वडा नं. २	**Pccwork 1:3:6**	६४७०.३०
11.	१३३-०७७/२/१९	खहरेखोला सिंचाई योजना ठूलो बाँध व्यासीर वडा नं. २	**Pccwork 1:3:6**	६५७४.८१

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

12.	१७०-०७७/३/२	लोकमार्गदेखि मसारसम्म पैदलमार्ग निर्माण उ.स. वडा नं. १	Pccwork 1:3:6	१६२८६.०५
13.	१७१-०७७/३/२	देउराली रनाली कुलो नि.उ.स. वडा नं. १	Pccwork 1:3:6	९५७७.२४
14.	१७४-०७७/३/२	लोकमार्ग देखि साविक ४ नं सम्म जोड्ने पैदल मार्ग उ.स. वडा नं १	Pccwork 1:3:6	७८७७.१९
15.	१८७-०७७/३/४	मसारदेखि घुमाउने पैदलमार्ग नि.उ.स वद नं १	Pccwork 1:3:6	८३३९.६९
16.	१९३-०७७/३/८	खोटे ढुँगा सिंचाई योजना निर्माण उ.स. वडा नं. ५	Pccwork 1:3:6	७१७६.३९
17.	१९६-०७७/३/९	रनाली दैरेनी कुलो निर्माण उ.स. वडा नं १	Pccwork 1:3:6	७४२५.५१
18.	२००-०७७/३/११	खाल्टा राममन्दिर उपल्लो घुम्ती पैदलमार्ग नि.उ.स.	Pccwork 1:3:6	५६८५.६८
19.	२१६-०७७/३/१६	कालिका कोट छाप मन्दिर संचालन निर्माण उ.स. वडा नं. ६	Pccwork 1:3:6	५९५४.६९
20.	२३३-०७७/३/१९	स्याङ्गीबाट इम गुरुङको घरसम्म पैदलमार्ग नि.उ.स. वडा नं. १	Pccwork 1:3:6	७५३९.८८
		जम्मा		१७७५७१.६३

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४१.	**मु.अ.कर भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विल भरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नूपर्ने रु...	२९५१९.०

क्र सं	कार्यक्रम	कामको विवरण	उ.स भुक्तानी रकम	उ.स लाई मु.अ.कर भुक्तानी	उ.स लाई हुनु पर्ने मु.अ.कर भुक्तानी	बढी भुक्तानी मु.अ.कर
१	उराम गोसाङ खाल्टा शिवपुरी सडक स्तरउन्नती	सिमेन्ट खरीद	२६५६१६७.०	७३५१.०	६६८१.०	६७०
२	इमिचौर खेलकुल मैदान नि.	सिमेन्ट खरीद	२००००००	१०५०६.०	८०४२.०	२४६४
३	जनकल्याण मा.वि शौचालय निर्माण	सिमेन्ट र डन्डी खरीद	३९६०००.०	११५०६	९९१५	१५९१
४	इमिचौर खेलकुद मैदान निर्माण	सिमेन्ट	११५९९६८.०	३०३९७.०	१७४१६.०	१२९८१.०
५	शौचालय निर्माण	सिमेन्ट, डण्डी र इट्टा	५३५३८५.९८	१८०७६	१३४३३	४६४३
६	जनसेवा विद्यालय र वडा कार्यालय घेराबारा	सिमेन्ट,	८२३१८४.०	१४०७१	८५१८	५५५३.०
७	लामाखर्क पूर्णगाउँ ग्रामिण सडक निर्माण उ स वडा नं ४	मेसीनमा	२८८०००	३६९२८.६९	३३७३०.८९	३१९७.८०
८	वडाका प्रमुख सडक सफाई मर्मत तथा स्तरोन्नती वडा नं ६	मेसीनमा	४८००००	५४९९५.२५	५३३७८.२	१६१७
९	विष्टेनीमा कुलो बउर बाँध व्यवस्थापन निर्माण उ स वडा नं ५ (सिमेन्ट खरिदमा प्यान विल प्रयोग)	मेसीनमा	९६०००	२२३३.२८	२८२.७५	१९५०.५४

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

१०	भुसाल थर सिर्वानि कुलो निर्माण उ स वडा नं ५ (सिमेन्ट खरिदमा प्यान विल प्रयोग)	मेसीनमा	१९२०००	२५१८.५३	२५८.५४	२२५९.९९
११	कार्तिके घोरेटो बाटो निर्माण उ स वडा नं ६	मेसीनमा	९६०००	३२६४.५५	४१३.७९	२८५०.७६
	जम्मा					२९५१९.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४२.	**उपभोक्ता समितिलाई बढी भुक्तानीः**	
४२.१.	**पाइपको दरमा बढी दर राखि भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । भौ. नं. ७६-०७६/११/२३ बाट टिमुरे सिंचाई कुलो निर्माण उपभोक्ता समिति वडा नं. ६ को कुलो निर्माणको काम रु.१४४००० को कार्यालय अंश र रु.२१८३८.३८ (१३.१७%) को श्रमदान गरी रु.१६५८३८.३८ को लागत अनुमान गरी सोही रकमको कार्यसम्पन्न रु.१६५८३८.३८ भएकोमा कार्यालयले रु.१४४००० भुक्तानी दिएको देखिन्छ । सो काममा बिल अनुसार ११० एम.एम. को एच.डि.पि.ई. पाइप खरिद गरेको देखिन्छ । जिल्ला दर रेट २०७६/७७ अनुसार ११० एम.एम. एच.डि.पि.ई. ४ के.जी. प्रेशरको भ्याट सहित (२६०*१.७०३*१.१३) रु.५००.३४ दर हुनुपर्नेमा लागत अनुमान र कार्यसम्पन्नमा रु.७४७.७२ दर राखेकाले प्रति मिटर २४७.३८ बढी दर कायम भएकाले २१५ मिटरको रु.५३१८६.४० बढी भएको देखिन्छ । जसमा श्रमदानको अंश कट्टी गर्दा कार्यलयबाट रु. ४६१८२.० बढी भुक्तानी भएको देखिन्छ । यसरी बढी भुक्तानी रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	४६१८२
४२.२.	**माटो खन्ने काममा बढी भुक्तानीः** भौ नं ८-०७६/६/२४ बाट वडा कार्यालय लामाखर्क सगरमाथा बाँधखोला ग्रामिण सडक स्तरोन्नती उपभोक्ता समिति वडा नं.४ बाट सडक स्तरोन्नतीको काममा रु.३०१०४८।३१ को लागत अनुमानमा उपभोक्ता समितिको रु. ३१२४८३१ र कार्यालयको अंश २६९८०० हुने गरी बनाएकोमा कार्यसम्पन्न रु. ३०१०४८।३१ बराबरको भएको देखिन्छ । यस कार्यमा लागत अनुमान र कार्यसम्पन्न आ.व. २०७५।७६ को प्रयोग गरिएकोमा मेसिनले माटो खन्ने कार्यमा बढी दरमा लागत अनुमान र कार्यसम्पन्न बनाएकोले देहायबमोजिमको बढी भुक्तानी रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	३०७०१.०८

कामको विवरण	जिल्ला दर अनुसार हुनुपर्ने दर	काममा प्रयोग गरिएको दर	बढी दर	कार्य परिणाम	कार्यलय अंश	बढी भुक्तानी रकम
नरम माटो खन्ने काम	८५.८८	१०१.७०	१५.८२	७९३.८८	८९.६२	११२५५.५४
मिश्रीत माटो काट्ने काम	९९.४४	११३	१३.५६	१६००.१३	८९.६२	१९४४५.५४
जम्मा						३०७०१.०८

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४२.३.	**माटो खन्ने काममा बढी दर राखि भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	छ । भौ. नं. १३५-०७७/२/२९ बाट वहाकी ठाँटी सामुदायिक विद्युतिकरण उपभोक्ता समिति वडा नं. ४ मार्फत गरेको काममा श्रमदान रु.४२९७३.७० र कार्यालय अंश रु.२८८००० गरी रु.३३०९७३.७० को लागत अनुमान गरी सोही रकम रु. ३३०९७३.७० को कार्यसम्पन्न प्रतिवेदन बनाई रु.२८८००० भुक्तानी दिएको देखिन्छ । यस कार्यमा लागत अनुमान र कार्यसम्पन्न आ.व. २०७६।७७ को प्रयोग गरिएकोमा ज्यामीबाट माटो खन्ने कार्यमा बढी दरमा लागत अनुमान र कार्यसम्पन्न बनाएकोले देहाय बमोजिमको बढी भुक्तानी रकम असुल गरी गाउँपालिका खातामा दाखिला गर्नुपर्ने रु.	४७२५३.५१

कामको विवरण	पालिका दर विश्लेषण अनुसार हुनुपर्ने दर	काममा प्रयोग गरिएको दर	बढी दर	कार्य परिणाम (घन मि.)	कार्यलय अंश (%)	बढी भुक्तानी रकम
नरम माटो खन्ने काम	४३९.८१	६१८	१७८.१९	१४७.९९	८७.०२	२२९४७.४७
कडा माटो खन्ने काम	६१८	२३१७	१६९९	१६.४४	८७.०२	२४३०६.०४
					जम्मा	४७२५३.५१

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४३.	**सम्झौता र लागत अनुमान भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । लागत अनुमान बमोजिम सम्झौता भइसकेपछि काममा थप घट गर्न अत्यावश्यक भएको अवस्थामा नियम ११८ बमोजिम भेरियसन गर्नुपर्ने व्यवस्था रहेको छ । अन्यथा फरक प्रकृतिको काममा पटकै पिच्छे लागत अनुमान र सम्झौता गरी कार्यसम्पन्न बमोजिमको रकम भुक्तानी दिनुपर्छ । देहायको योजनामा एउटै योजनामा लागत अनुमान र सम्झौता भन्दा बढी भेरियसन बिना कार्यसम्पन्न बनाई बढी भुक्तानी दिएकाले त्यस्तो रकम असुल गर्नुपर्छः	
४३.१.	भौ.नं. २०३-०७७/३/१२ बाट बयडाँडा सिँचाई टंकी निर्माण उपभोक्ता समिति वडा नं. ४ मार्फत टंकी निर्माणको काममा शुरु लागत अनुमान रु.१७२९६४.९४ को लागत अनुमानमा रु.१५०००० बजेटमध्ये रु.२८९६४.९४ श्रमदान र कन्टिन्जेन्सी वाहेक रु.१४४००० कार्यालय अंश हुने व्यवस्था गरेकोमा सोही लागत अनुमान बमोजिम हुने गरी २०७६/११/२३ मा गाउँपालिका र उपभोक्ता समितिबीच सम्झौता भएको देखिन्छ । सो योजनामा रु. ३१८१०२.६० को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ र उक्त योजनमा कुनै भेरियसन गरी लागत अनुमान र सम्झौता गरेको पाइएन । भने पालिकाले पुँजीगत खर्च शिर्षकबाट कन्टिन्जेन्सी कट्टी गरी रु.१४४००० र अध्यक्षको तोक आदेशबाट चालुतर्फ स-साना योजना मर्मत संचालन तथा कार्यक्रम संचालनबाट कन्टिन्जेन्सी बाहेक रु.१३९२०० भुक्तानी दिइएको देखिन्छ । यसरी एउटै लागत अनुमान र सम्झौता बमोजिम बढी भुक्तानी दिइएको रकम असुल गर्नुपर्ने रु.	१३९२००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४३.२.	भौ.नं. २१८-०७७/३/१६ बाट गौरादेवी मन्दिर परिवार वडा नं. ४ मार्फत मन्दिर निर्माणको काममा शुरु लागत अनुमान रु.२१४४४६.४१ को लागत अनुमानमा रु.२००००० बजेटमध्ये रु.२२४४६.४१ श्रमदान र कन्टिन्जेन्सी वाहेक रु.१९२००० कार्यालय अंश हुने व्यवस्था गरेकोमा सोही लागत अनुमान बमोजिम हुने गरी २०७६/१०/६ मा गाउँपालिका र उपभोक्ता समितिबीच सम्झौता भएको देखिन्छ । सो योजनामा रु.३७६२५३.५९ को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ र उक्त योजनमा कुनै भेरियसन गरी लागत अनुमान र सम्झौता गरेको पाइएन । भने पालिकाले पुँजीगत खर्च शिर्षकबाट कन्टिन्जेन्सी कट्टी गरी रु.१९२००० र अध्यक्षको तोक आदेशबाट चालुतर्फ स-साना योजना मर्मत संचालन तथा कार्यक्रम संचालनबाट कन्टिन्जेन्सी बाहेक रु.१४४००० भुक्तानी दिइएको देखिन्छ । यसरी एउटै लागत अनुमान र सम्झौता बमोजिम बढी भुक्तानी दिइएको रकम असुल गर्नुपर्ने रु.	१४४०००
	आन्तरीक आय तर्फ	
४४.	**कालीगण्डकी नदिको पिपलबाट, बर्रा चौर, शालिग्राम जिङ्गलिङ्ग घाट र सेती खोलाको सेती बेनी शालिग्राम वगर नाकाः** पालिकाले यो वर्ष ढुंगा गिटी वालुवाको निकासी गर्नका लागि पालिकाको विभिन्न घाट खण्डको मिति २०७६।४।३० मा सूचना प्रकाशन गरेकोमा किङ्ग कन्स्ट्रक्सनले रु.१३५६५६५.० मु.अ.कर सहित कबोल गरी सम्झौता गरेकोमा निजले मिति २०७६/११/२१ सम्ममा रु.९६४०००.० बुझाएको थियो। बाँकी रु.३९२५६५.० मिति २०७७/९/१६ को कार्यपालिकाको निर्णय नं.६ कोभिड १९ कारण सामान उन्खनन गर्न नपाएको भनि छुटको माग सप्लायर्स गरेकोमा रु.१९६५००.० छुट दिएको पाइएतापनि बाँकी रु.१९६५०० को हर्जना सम्वन्धमा सम्वोधन नगरेकाले मिति २०७७/९/१७ मा बुझाएको रु.१९६५००.० को १०% को व्याज रु.१९६५०.० सम्वन्धितसँग असुल गरी पालिका खातामा दाखिला गर्नु पर्ने रु.	१९६५०
४५.	**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ. १८५-०७७/३/४ बाट आमा सुरक्षा कार्यक्रम भत्ता भुक्तानीमा नियमानुसार लाग्ने रु.२७६०अग्रिम कर मध्ये रु.८१० बेरुजु दाखिला प्रमाण पेश भएकोले रु.१८००। कर दाखिला गर्नुपर्ने रु.	१८००
४६.	**कार्य सम्पन्न पेश नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सम्पन्न भएको निर्माण कार्य, प्राप्त भएको मालसामान वा सेवाको विवरण समावेश गरी कार्य स्वीकार प्रतिवेदन बनाउनुपर्ने उल्लेख छ । नविकरणीय उर्जा प्रविधिहरु (लघु तथा साना जल विद्युत सौर्य उर्जा, वायोग्यास, वायोमास, उर्जा) अन्तर्गत गोबर ग्यास प्लान्ट ८ घ.मी. को ३ र ६ घ.मी. को ७ गरी १० वटा पालिका क्षेत्रमा बनाएकोमा ८ घ.मी लाई रु.२५०००.० र ६ घ.मी. लाई रु.२००००.० का दरले अनुदान उपलब्ध गराई भौ.१२५-०७७/३/२ बाट रु.२१५०००.० खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको नपाइएकाले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.	२१५०००
४७.	**टुक्रा पारी खरीदः** सार्वजनिक खरिद ऐन २०६३ के दफा ८(२) मा टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था भएतापनि पालिकाले नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत निम्नानुसारका फर्मबाट रु.६९४५००.० को टुक्रा टुक्रा पारी खर्च गरेको नियम सम्वत नदेखिएको रु..	६९४५००

क्र.स.	भौ.मिति	काम	भुक्तानी
१	१७२-०७७/३/२०	सोलार व्यट्री खरीद	२१५०००.०
२	१७६-०७७/३/२१	सोलार प्यानल र सोलार स्टयाण्ड खरीद	४७९५००.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	| | | जम्मा | ६९४५००.० |	
	शशर्त पुँजीगतः	
४८.	**वितरण भरपाई पेश नभएकोः** सहकारी सिंचाई मर्मत तथा निर्माण अन्तर्गत भौ.१०-०७७/३/२५ बाट गहौ कालिका ट्रेडर्सबाट ६ साइजकाका एच्.डी.पी. पाइप ५८०३.६ मि रु.४९९८८९.९६ मा खरिद गरी राखेको तर लेखापरीक्षण अवधि सम्म कृषकहरुलाई वितरण गरेको प्रमाण पेश हुन नआएकाले वितरण भरपाई पेश गर्नुपर्ने रु.	४९९८८९.९६
	शिक्षा	
४९.	**विद्यालयगत निकासा खाताः** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अतः विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।	
५०.	**अनुगमनः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६ अनुसार विद्यालयहरुलाई भुक्तानी हुने सशर्त पुँजीगत अनुदान रकम तोकिए बमोजिम उपयोग भए नभएको सुनिश्चित हुन त्यस्तो अनुदान प्राप्त गर्ने विद्यालयहरुको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सशर्त पुँजीगत अनुदानबाट निम्न विद्यालयहरुलाई अनुदान दिएकोमा सो अनुदान रकम रु.५०९२२०० उपयोगका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । अनुगमन नगर्दा रकम सदुपयोग हुन नसक्ने भएकोले तोकिएको काममा प्रयोग भए नभएको एकिन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.	७३७२००

किट्स खरिद	
विद्यालयको नाम	निकासा रकम
जनविकास आ.वि बाच्छा किट्स खरिद	५००००
रानीपानी आ.वि बर्राचौर किट्स खरिद	५००००
जनता आ.वि रानीपानी किट्स खरिद	५००००
शिला आ.वि शालिग्राम किट्स खरिद	५००००
लक्ष्मी आ.वि उराम पोखरा किट्स खरिद	५००००
सम्पूर्ण विद्यालयलाई छात्रवृत्ति वितरण	४८७२००
जम्मा	७३७२००.०

५१.	**बढी प्रश्न पत्र छपाइः** कक्षा ८ को पालिका स्तरीय परीक्षा संचालन गर्दा पालिकाले **IEMIS** मा भएका विद्यार्थी संख्या २८९ लाई ९ विषयको २६०१ प्रश्नपत्र छपाउनु पर्नेमा	
	४००० रु.६ का दरले धौलागिरी छापाखानाबाट प्रश्न पत्र छपाए वापत रु.५७८००.० खर्च लेखेको पाइयो । आवश्यक भन्दा बढी १३९९ प्रश्नपत्रको रु.६ का दरले छपाएबाट पालिकालाई बढी व्यय भार पर्न गएको (मु.अ.कर) समेत रु.८३९४ नियम सम्वत् नदेखिएको रु.	८३९४

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५२.	भौ.१९१-०७७/३/२६ बाट शैक्षिक क्षति न्युनिकरण तथा विद्यार्थी सिकाई प्रवर्धनका लागि कक्षा १-८ सम्मका विद्यार्थीहरुका लागि रु.२९८०१४.३ मा किनिएको १३०० प्रति पुस्तक वितरण गरेको भरपाई पेश नभएकाले भरपाई पेश गर्नु पर्दछ ।	२९८०१४.३
५३.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या
१	जन कल्याण मा.वि. वाच्छा	१५	१५	२	२१५
२	जन विकास नि.मा.वि.	७	७	४	८०
३	जनप्रिया प्रा.वि. वाच्छा	२	२	०	१२
४	जन कल्याण प्रा.वि. वाच्छा	४	४	०	९०
५	लक्ष्मी भवन मा.वि. वहाकी	८	८	३	१२५
६	वहाकी मा.वि वहाकी	१८	१८	५	२४५
७	सगरमाथा मा.वि. वहाकी	९	९	२	७५
८	अम्वरी नि.मा.वि. वर्राचौर	१२	१२	५	२६०
९	नेपाल तारा आ.वि	१६	१६	४	१८५
१०	शालिग्राम मा.वि	१८	१८	१०	३६६
११	अम्वारी आ.वि बर्राचौर	८	८	३	१२५
१२	रानिपानी नि.मा.वि. रानिपानी	७	७	२	१८२
१३	जनता आ.वि	८	८	४	१०३
१४	शिला नि.मा.वि. शालिग्राम	८	८	३	११९
१५	विद्याज्योती प्रा.वि	३	३	२	३३
१६	रम्भादेवी माता प्रा.वि वहाकी	३	३	२	३५
१७	जनसेवा प्रा.वि. वर्राचौर	४	४	१	४६
१८	मातृभूमि प्रा.वि. रानीपानी	४	४	१	६३
१९	बालज्योती प्रा.वि शालिग्राम	२	२		३०
२०	जनसेवा प्रा.वि वहाकी	२	२	१	३१
२१	लक्ष्मी प्रा.वि बर्रा चौर	०	०	०	१०
२२	सरस्वती प्रा.वि रानीपानी	१	१	०	१०
२३	जनचेतना प्रा.वि. रानिपानी	१	१	१	१०
२४	लोकतन्त्र प्रा.वि रानीपानी	१	१	१	२०
२५	गणतन्त्र प्रा.वि. रानिपानी	२	२		४५
२६	जनचेतना प्रा.वि शालिग्राम	२	२	१	२०
२७	चन्द्र मा.वि. उराम पोखरी	१२	१२	९	१८०
२८	चन्द्र उ.मा.वि. उराम पोखरी	१७	१७	४	२५०
२९	लक्ष्मी आ.वि उरामपोखरा	८	८	४	६६
३०	कालिका प्रा.वि. उराम पोखरी	४	४	२	३५

५४.	**टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था भएतापनि पालिकाले शिक्षा तर्फ सेनेटरी प्याड निम्नानुसारका फर्मबाट रु.९४९४८८.१५ को टुक्रा टुक्रा पारी खर्च गरेको नियम सम्वत् नदेखिएको रु..	९४९४८८.१५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	<table><tr><td>क्र.स.</td><td>भौ.मिति</td><td>सप्लायर्सको नाम</td><td>भुक्तानी</td></tr><tr><td>१</td><td>१३२-०७७/३/६</td><td>हिल्स मेडि सप्लायर्स</td><td>४९९१७७.५</td></tr><tr><td>२</td><td>१३३-०७७/३/६</td><td>सिनर्जी सर्जिकल सप्लायर्स</td><td>४५०३१०.६५</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>९४९४८८.१५</td></tr></table>	
५५.	**लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६/७७ को क्रियाकलाप नं. ५ मा लेखापरीक्षण गराउने व्यवस्था गरेको छ । गाउँपालिकामा रहेका ९ वटा माध्यमीक विद्यालयलाई रु.१५०००.० का दरले रु.१३५०००.० र आ.वि २१ वटा लाई रु.१००००.० का दरले रु.२१०००० गरी रु.३४५०००.० निकासा दिएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नभएकाले लेखापरीक्षण प्रतीवेदन पेश गर्नु पर्ने रु.	३४५०००
५६.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, बाढी पहिरो नियन्त्रण, ग्याविन जाली लगाउने, पदमार्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २०२ जनालाई रोजगारी उपलव्ध गराई रु.२३५३९२८ खर्च गरेको छ । लक्षित वर्गलाई २ दिनदेखि १५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन ।	
५७.	**श्रमीकको पारिश्रमीक भुक्तानीः** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं २१ मा श्रमिकको ज्याला सम्वन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्था भएतापनि यस आ.व. २०७६/०७७ मा श्रमिकको पारिश्रमिक वापत रु.१४४१६१३.६६ हाजिरीको भरमा नगदै वितरण गरेको पाइयो । अतः कार्यविधिको व्यवस्था विपरीत गरेको खर्च नियम सम्वत् देखिएन ।	
५८.	**औद्योगिक ग्रामः** स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, प्रविधि र सिप परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी बृद्धि गरी त्यस्ता उद्योगको स्थापना विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तहबाटै औद्योगिक ग्रामको स्थापना सन्चालन तथा व्यवस्थापन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट ४५ वटा औद्योगिक ग्राम घोषणा भए अनुसार उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र विहादी गाउँपालिकावीच २०७६/८/२८ मा सम्झौता भई मन्त्रालयबाट चेक मार्फत पालिकालाई रु.९२०००००.० प्राप्त भएकोमा पालिकाले विविध खातामा आम्दानी बाँधेको छ । पालिकाले औधोगिक ग्राम पूर्वाधार विकास कार्यको मिति २०७६/११/५ मा सूचना प्रकाशन गरी मिति २०७७/३/२८ मा रु.५४१३२९८.०६ मा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । भौ.२६९-०७७/३/२९ बाट प्रथम रनिङ विल रु.२५८७३७.७९ **Earth work and Transportation** र नेपाल विद्युत प्राधिकरण लाई ट्रान्सफर्मर खरीद को लागि रु.९१९६६३.०५ भुक्तानी दिइ जम्मा रु.३५०७०२०.८४ खर्च भई रु.६६१२६४२.२९ बाँकी २०७६/७७ मा सो रकम खर्च नभएकाले संघीय सरकारको खातामा फिर्ता गर्नुपर्ने र आगामी बर्ष बजेट ब्यबस्था गरी कार्य सम्पन्न गर्नु पर्ने रु. पालिकाले औधोगिक ग्रामको डि.पी.आर. वेगर निर्माण कार्य गरेको पाइयो साथै लेखापरीक्षण अवधिसम्म पनि फाइनल डि.पी.आर. रिपोर्ट प्राप्त नभएकाले यसरी औद्योगिक ग्राम जस्ता ठूला योजना डि.पि.आर.	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वेगर काम गरिदा योजनाको उद्देश्य पुरा हुन नसक्ने हुँदा त्यस तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	५६९२९७९
५९.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले पूर्ण अपाङ्ग जेष्ठ नगरीक गोविन्द कुमारी पराजुलीलाई प्रथम, दोस्रो र तेस्रो चौमासीकमा रु.१६००० का दरले रु.४८००० भुक्तानी गरेको पाइयो । पूर्ण अपाङ्गले चौमासिक रु.१२०००.० र जेष्ठ नागरिकले पनि चौमासिक रु.१२०००.० का दरले पाउनेमा निजले एउटा मात्र सुविधा प्राप्त गर्नुपर्नेमा प्रति चौमासिक रु.४०००.० थपगरी बैक खातामा सुविधा हालेको पाइएकाले बढि भुक्तानी हुन गएको रु.१२००० निजसँग असुल गरी बेरजु खातामा दाखिला गर्नुपर्ने रु.	१२०००
६०.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.१०८९५५०.० का औषधि सोझै खरिद गरेको छ ।	
	कोभिड-१९ तर्फः	
६१.	आ.व. २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।	

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
प्रदेश सञ्चित कोषबाट	५०००००	राहात वितरण	२५१४७९९.५
स्थानिय तहको आफ्नै वजेटवाट	७८२९३७९	क्वारेन्टाइन निर्माणा तथा	१४३४६००.५
संघीय सञ्चीत कोषबाट	०	आइशोलेसन केन्द्र निर्माण	०.०
अन्य स्रोतवाट	१९४४७९.९९	जनशक्ती परिचालन	३४३१००
		औषधी एवं स्वास्थ्य उपकरण तथा	६३८०७२.९
		स्वास्थ्य पूर्वाधार निर्माण, राहत	०
		अन्य शिर्षकमा भएको खर्च	२९९७९७.८
		बाँकी	३२९३४८८.२९
जम्मा	८५२३८५८.९९	जम्मा	८५२३८५८.९९

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
६२.	**स्वयम सेवकलाई बढी भुक्तानीः** कार्यपालिकाले कोरोना रोकथामका लागी नाका नाका र पुलको मुखमा बसेका स्वयम् सेवकहरुलाई दैनिक रु.८५० का दरले भुक्तानी दिने निर्णय गरेतापनि गाउँपालिकाको वडा नं ५ उरामको विभिन्न ठाउँमा निम्न व्यक्तीहरुले तोकेको भन्दा बढी दरमा भुक्तानी लिएको रकम सम्वन्धीतसँग असुल गर्नु पर्ने रु.	९७५०
६३.		

क.सं	व्यक्तीको नाम	भुक्तानी लिएको दिन	हुनुपर्ने भुक्तानी दर	भएको भुक्तानी दर	बढी भुक्तानी
१	सचिन के.सी	८	८५०	१०००	१२००
२	सुचित थापा	८	८५०	१०००	१२००
३	अमृत थापा	८	८५०	१०००	१२००
४	दिवश भुसाल	४१	८५०	१०००	६१५०

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्योहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९७५०.०</td></tr></table></td><td></td></tr>
<tr><td>६४.</td><td>पेश्की बाँकीः पालिकाले देहाय अनुसार पेश्की फछ्र्यौट नगरेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार निर्माण सेवाको मोविलाइजेशन पेश्की आ.व. को अन्तमा फछ्र्यौट गर्नुपर्दछः</td><td></td></tr>
<tr><td></td><td><table><tr><th>क्र.सं</th><th>पेश्कीको विवरण</th><th>पेश्की रकम</th></tr><tr><td>१</td><td>गाउँकार्य पालिका भवन निर्माण धुलिखेल निर्माण सेवा प्रा.लि मोविलाइजेशन पेश्की</td><td>५४०००००.०</td></tr><tr><td></td><td>जम्मा</td><td>५४०००००</td></tr></table></td><td></td></tr>
<tr><td>६५.</td><td>पेश्की बाँकीः पालिकाले देहाय अनुसार पेश्की फछ्र्यौट नगरेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार देहाय बमोजिमको संस्थागत पेश्की रकम आ.व. को अन्तमा फछ्र्यौट गर्नुपर्ने रु.</td><td>२७००००</td></tr>
<tr><td></td><td><table><tr><th>क्र.सं</th><th>पेश्कीको विवरण</th><th>पेश्की रकम</th></tr><tr><td>२</td><td>नेपाल तारा मा.वि पेश्की</td><td>१५००००.०</td></tr><tr><td>३</td><td>भतेरेपाटा सचेतना केन्द्र भवन निर्माण</td><td>१२००००.०</td></tr><tr><td></td><td>जम्मा</td><td>२७००००</td></tr></table></td><td></td></tr>
</table>

अनुसूची– १

विहादी गाउँपालिकाको सञ्चित कोष विवरण

२०७६।७७

(रु.हजारमा)

क.स.	प्रदेश	स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम (६+१०)	बेरुजू रकम	आय						व्याय				मौज्दात बाँकी
						गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१० (७+८+९)	११(१+६-१०)
१	गण्डकी	विहादी गाउँपालिका	पर्वत	५५६९९२	११७९६	१८७५१	२४६७४८	३१५२६	५२२०	१६१०६	२९९६००	१८५५७२	५०६१८	२१२०२	२५७३९२	६०९५९

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

क.स.	प्रदेश	स्थानीय तह	जिल्ला	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
				दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
				सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैदान्तिक	लगति			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	गण्डकी	विहादी गाउँपालिका	पर्वत	३२	४२	१८८६०	३	९	७०६४	२९	३३	११७९६	८२०	२३२३	८३८३	०	०	१०७०६	०	२७०	२७०

अनुसूची– ३

अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

क्र स	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको वाँकी	यस वर्षको फर्छ्यौट	वाँकी	यो वर्षको सं प. वाट कायम भएको वेरुजु	यो वर्षको वेरुजु	कुल वाँकी वेरुजु
१	विहादी गाउँपालिका	पर्वत	१८२०६	३५३७	१४६६९		११७९६	२६४६५